# आकाशवाणी समाचार- नेपाली

मितिः १ मई २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदीले सूचना तथा सञ्चार प्रविधिमा आधारित बहुआयामिक प्लेटफर्म प्रगतिको ४६ औं बैठकको अध्यक्षता गर्नुभयो।

२. केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले जातीय जनगणना पूर्ण रूपमा पारदर्शी र देशको हितमा हुने बताउनु भएको छ।

३. केन्द्रीय जल शक्ति राज्यमन्त्री राजभूषण चौधरीले सरकारको समावेशी दृष्टिकोणका साथ भारत द्रुत गतिमा आत्मनिर्भर र विकसित राष्ट्र बन्ने दिशामा अघि बढिरहेको बताउनु भएको छ।

४. महाराष्ट्र र गुजरातले आज आफ्नो स्थापना दिवस मनाउँदैछ।

५. आइपीएल क्रिकेटमा पञ्जाब किंग्सले चेन्नई सुपर किंग्सलाई चार विकेटले पराजित गरेको छ।

## प्रधानमन्त्री प्रगति बैठक

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो सूचना तथा सञ्चार प्रविधिमा आधारित बहुआयामिक प्लेटफर्म प्रगतिको ४६ औं बैठकको अध्यक्षता गर्नुभयो। प्रगतिले केन्द्र र राज्य सरकारहरूको संयुक्त सहकार्यमार्फत योजनाहरूको सक्रिय प्रशासन र समयमै कार्यान्वयन सुनिश्चित गर्ने लक्ष्य राखेको छ। बैठकमा आठवटा महत्वपूर्ण परियोजनाहरूको समीक्षा गरियो। यसमा सडक र रेलवे, बन्दरगाह, जहाजरानी र जलमार्गका परियोजनाहरू समावेश छन्। तिनीहरूको संयुक्त लागत लगभग नब्बे हजार करोड रुपियाँ छ। प्रधानमन्त्रीले सबै मन्त्रीहरू र विभागहरूलाई आधार प्रमाणीकरण बायोमेट्रिक्समार्फत लाभार्थीहरूको पहिचान सुनिश्चित गर्न निर्देशन दिनु भयो। उहाँले प्रधानमन्त्री मातृ वन्दना योजना अन्तर्गत अन्य अतिरिक्त कार्यक्रमहरू एकीकृत गर्ने सम्भावनाको खोजी गर्न पनि आग्रह गर्नु भयो। श्री मोदीले समग्र र दूरदर्शी आयोजनाको लागि पीएम गतिशक्ति जस्ता माध्यमहरू र अन्य एकीकृत प्लेटफर्महरूलाई सुदृढ पार्ने कुरामा पनि जोड दिनुभयो। उहाँले सबै हितधारकहरूलाई सही निर्णय र प्रभावकारी योजनाको लागि आवश्यक डाटाबेस अद्यावधिक राख्न निर्देशन दिनु भयो।

****** ० ******

## भारत- वेव सम्मेलन

भारतले आज मुम्बईमा पहिलो विश्व अडियो-भिजुअल मनोरञ्जन शिखर सम्मेलन (वेभ्स) २०२५ आयोजना गर्नेछ। चार दिने सम्मेलनको उद्घाटन प्रधानमन्त्री नरेन्द्र मोदीले गर्नु हुनेछ। यो कार्यक्रमले श्रव्य-दृश्य र मनोरञ्जन उद्योगको भविष्यको बारेमा छलफल गर्न विश्वव्यापी प्लेटफर्म प्रदान गर्नेछ। सम्मेलनको विषयवस्तु "**कनेक्टिंग क्रियेटर्स, कनेक्टिंग कंट्रीज**" हो। सम्मेलनको उद्देश्य भारतलाई मिडिया, मनोरञ्जन र डिजिटल नव प्रवर्तनको लागि विश्वव्यापी केन्द्रको रूपमा स्थापित गर्नु हो। यसले यस क्षेत्रमा भारतको क्षमता प्रदर्शन गर्न चलचित्र, ओटीटी, गेमिङ, कमिक्स, डिजिटल मिडिया, आर्टिफिशियल इंटेलिजेंस, प्रसारण र उदीयमान प्रविधिलाई एकसाथ ल्याउनेछ। प्रधानमन्त्री श्री मोदीले क्रिएटोस्फीयरको पनि भ्रमण गर्नु हुनेछ र इन्डिया च्यालेन्जेसबाट छानिएका क्रिएटर्सहरूसँग अन्तरक्रिया गर्नु हुनेछ।

****** ० ******

## जाति जनगणना - शिवराज सिंह

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले हिजो भोपालमा भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको राजनीतिक कार्य समितिले जातीय जनगणनाको निर्णयलाई अनुमोदन गरेको छ। उहाँले यो जनगणना पूर्ण रूपमा पारदर्शी र देशको हितमा हुने बताउनु भयो। श्री चौहानले हिजो जातीय जनगणनाको मुद्दामा मिडियासँग कुरा गर्दै हुनुहुन्थ्यो। उहाँले जातीय जनगणनाको श्रेय लिन विपक्षी गठबन्धनबीच प्रतिस्पर्धा भइरहेको बताउनु भयो जबकि यो देशको हितमा सरकारले गरेको निर्णय हो। श्री चौहानले भन्नु भयो, मोदी सरकारले आर्थिक रूपमा पछाडि परेका वर्गका मानिसहरूलाई पहिले नै १० प्रतिशत आरक्षण दिइसकेको छ। उहाँले कांग्रेसलाई प्रश्न गर्नु भयो, केन्द्रमा यति वर्षसम्म उनीहरूको सरकार हुँदा जातीय जनगणना किन गरिएन?

****** ० ******

## विश्व शिक्षा शिखर सम्मेलन

केन्द्रीय जल शक्ति राज्यमन्त्री राजभूषण चौधरीले सरकारको समावेशी दृष्टिकोणका साथ भारत द्रुत गतिमा आत्मनिर्भर र विकसित राष्ट्र बन्ने दिशामा अघि बढिरहेको बताउनु भएको छ। नयाँ दिल्लीमा आयोजित विश्व शिक्षा शिखर सम्मेलन २०२५ लाई सम्बोधन गर्दै चौधरीले भन्नु भयो, विकसित भारतको सपना पूरा गर्न प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले धेरै दूरदर्शी र ठोस कदम चालेको छ। उहाँले नयाँ शिक्षा नीति र डिजिटल इन्डिया जस्ता पहलहरूमा विशेष जोड दिनु भएको छ, जसले युवाहरूलाई विश्वव्यापी प्रतिस्पर्धाको लागि तयार पार्ने लक्ष्य राखेको छ। उहाँले भन्नु भयो, साना तथा मझौला उद्यम, महिला सशक्तिकरण, स्वच्छ भारत अभियान, जल जीवन मिशन र हर घर नल जस्ता योजनाहरूले देशको हरेक क्षेत्रमा विकास ल्याइरहेको छ।शिखर सम्मेलनमा भारत र विदेशका शिक्षकहरूले भाग लिएका थिए। यसले शिक्षणका विकसित विधिहरू, प्रविधिको एकीकरण र शिक्षामा कृत्रिम बुद्धिमत्ताको बढ्दो प्रभावमा केन्द्रित थियो। शिक्षा क्षेत्रमा योगदान पुर्‍याउने प्रतिष्ठित व्यक्ति र संस्थाहरूलाई सम्मान गरिएको थियो।शिखर सम्मेलनमा शिक्षक, प्रधानाध्यापक र शैक्षिक संस्थाका प्रतिनिधिहरूले आगामी वर्षहरूमा प्रविधि र विशेष गरी कृत्रिम बुद्धिमत्ताले शिक्षण र सिकाइ विधिहरूलाई कसरी रूपान्तरण गर्न तयार छ भन्ने बारेमा छलफल गरेका थिए। यी विज्ञहरूले आधुनिक संसारको लागि विद्यार्थीहरूलाई तयार पार्नु र शिक्षकहरूलाई उदीयमान प्रविधिहरूको ज्ञानले सुसज्जित गर्नुको महत्त्वमा जोड दिए।शिखर सम्मेलनले स्कूल र कलेजहरूमा शिक्षा सुधार गर्ने नवीन तरिकाहरूको पनि खोजी गर्‍यो। शिक्षामा भइरहेका परिवर्तनहरू र राष्ट्रिय शिक्षा नीति २०२० को प्रभावको बारेमा गहिरो अन्तर्दृष्टि साझा गरिएको थियो।

****** ० ******

## भारत पाकिस्तान हवाई क्षेत्र

पहलगाम आतंकवादी हमलालाई ध्यानमा राख्दै भारतले पाकिस्तानी विमान कम्पनीहरूका लागि आफ्नो हवाई क्षेत्र प्रतिबन्ध लगाएको छ। यो निर्णय २३ मईसम्म लागू रहनेछ। नागरिक उड्डयन मन्त्रालयले भनेको छ कि भारतीय हवाई क्षेत्र पाकिस्तानमा दर्ता भएका, सञ्चालन हुने वा भाडामा लिइएका विमानहरूका लागि उपलब्ध हुनेछैन, जसमा सैन्य विमानहरू पनि समावेश छन्। यस सम्बन्धमा सूचना जारी गरिएको छ।

****** ० ******

## महाराष्ट्र स्थापना दिवस

मुख्यमन्त्री देवेन्द्र फडणवीसले देशको विकासमा महाराष्ट्रले महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनु भएको छ। उहाँले आगामी दिनमा महाराष्ट्र देशको मात्र नभई सम्पूर्ण विश्वको विकसित राज्य हुने बताउनु भयो। मुख्यमन्त्रीले महाराष्ट्र दिवस र श्रम दिवसको अवसरमा राज्यवासीलाई बधाई दिनु भएको छ। उहाँले सबैको सहकार्यमा राज्यलाई अझ प्रगतिशील र समृद्ध बनाउन जोड दिनु भयो। श्री फडणवीसले भन्नुभयो, महाराष्ट्रले विगत ६५ वर्षमा उद्योग, शिक्षा, स्वास्थ्य, कृषि, कला, खेलकुद, साहित्य र सामाजिक न्यायको क्षेत्रमा व्यापक विकास हासिल गरेको छ। आफ्नो सन्देशमा मुख्यमन्त्रीले छत्रपति शिवजी महाराज, महात्मा ज्योतिराव फुले, क्रान्तिज्योति सावित्रीबाई फुले, राजश्री छत्रपति शाहु महाराज, संविधान निर्माता बाबा साहेब अम्बेडकर र अन्य सबै महान समाज सुधारकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

## गुजरात - स्थापना दिवस

गुजरातले आज आफ्नो स्थापना दिवस मनाउँदैछ। भाषिक आधारमा बम्बई राज्यबाट अलग भएपछि १ मई १९६० मा गुजरात अस्तित्वमा आयो। गुजरातका राज्यपाल आचार्य देवव्रत र मुख्यमन्त्री भूपेन्द्र पटेलको उपस्थितिमा पञ्चमहल जिल्लामा राज्यस्तरीय स्थापना दिवस समारोह आयोजना गरिनेछ।महाराष्ट्रको ६६ औं स्थापना दिवसमा पठाइएको सन्देशमा, उप मुख्यमन्त्री अजित पवारले सबैलाई महाराष्ट्रलाई प्रगतिको बाटोमा अगाडि बढाउन दृढ संकल्प गर्न अपील गर्नु भयो।

**बुद्ध-अवशेषहरू**

सारनाथबाट पवित्र बुद्ध अवशेषहरूको प्रदर्शनी हिजो औपचारिक रूपमा नयाँ दिल्लीस्थित राष्ट्रिय संग्रहालयमा ल्याइएको र प्रदर्शन गरिएको थियो। यो पवित्र अवशेष आज भियतनाम पठाइनेछ। संस्कृति मन्त्रालयले अन्तर्राष्ट्रिय बौद्ध महासंघ नयाँ दिल्लीसँगको सहकार्यमा संयुक्त राष्ट्र संघको **वेसाक** २०२५ को भव्य समारोहको क्रममा पहिलो पटक भियतनाममा सारनाथका पवित्र बुद्ध अवशेषहरूको प्रदर्शनी आयोजना गर्नेछ। पत्रकारहरूसँग कुरा गर्नु हुँदै अन्तर्राष्ट्रिय बौद्ध महासंघका महानिर्देशक अभिजित हाल्दरले भियतनाममा बौद्ध धर्मावलम्बीहरूको बहुसंख्यक जनसंख्या भएकोले भियतनाममा बुद्ध अवशेष प्रदर्शनी एकदमै महत्त्वपूर्ण कार्यक्रम भएको बताउनु भएको छ। उहाँले भियतनामका जनताको बौद्ध धर्ममा गहिरो विश्वास रहेको बताउनु भयो। उनीहरूका लागि पवित्र अवशेषहरू बुद्ध जत्तिकै महत्त्वपूर्ण छन्।

**विदेश मन्त्रालय- पासपोर्ट केन्द्र**

केन्द्रीय विदेश राज्यमन्त्री कीर्तिवर्धन सिंह र केन्द्रीय सञ्चार राज्यमन्त्री डा. चन्द्रशेखर पेम्मासानीले आज संयुक्त रूपमा उत्तर प्रदेशको कुशीनगरमा ४५० औं हुलाक कार्यालय पासपोर्ट सेवा केन्द्रको उद्घाटन गर्नु भयो। यसको उद्घाटन ग्रामीण क्षेत्रमा पासपोर्टको पहुँच बढाउने र प्रधानमन्त्री नरेन्द्र मोदीको सुशासनको दृष्टिकोणलाई सुदृढ पार्ने दिशामा एक महत्वपूर्ण कोशेढुङ्गा हो। कार्यक्रममा सांसद, विधायक र विदेश मन्त्रालय र हुलाक विभागका वरिष्ठ अधिकारीहरू लगायत विशिष्ट व्यक्तिहरूको उपस्थिति थियो। भारतमा अहिले देशभर ५४३ राहदानी सेवा केन्द्रहरू छन्, जसमा ४५० हुलाक कार्यालय पासपोर्ट सेवा केन्द्रहरू र ३७ पासपोर्ट कार्यालयहरू अन्तर्गत ९३ पासपोर्ट सेवा केन्द्रहरू छन्।

**BANGLADESH-SEDITION CASE**

बंगलादेशको उच्च अदालतले Chinmoy Krishna Das Brahmachari लाई आज जमानत दिएको छ। Bangladesh Sammilit Sanatan Jagran Jote तथा ISKCON का पूर्व नेतालाई राजद्रोहको मुद्दामा विगत वर्षको अगस्तमा गिरफ्तार गरिएको थियो। न्यायाधीशहरू Md Atoar Rahman र Md Ali Reza पीठले जमानत याचीका माथि सुनवाई गर्दै जमानत दियो।

विगत 4 फरवरीको दिन बंगलादेशको उच्च अदालतले बंगलादेशको अन्तरीम सरकारसित एक आदेश जारी गर्दै चिन्मयकृष्ण दासलाई जमानत किन नदिनु त्यसको स्पष्टी करण दिन भनेको थियो। विगत वर्षको 5 अगस्तको दिन तत्कलीन प्रधानमंत्री शेखहसिनालाई सत्ताच्युत गरिए पछि बंगलादेशका अल्पसंख्यकहरू विरूद्ध व्यापक हिन्सा गरिएको थियो।

**आईपीएल क्रिकेट**

आइपीएल क्रिकेटमा हिजो राति पञ्जाब किंग्सले चेन्नई सुपर किंग्सलाई चार विकेटले पराजित गरेको छ। एम. ए. चिदम्बरम स्टेडियममा खेलिएको म्याचमा पहिले ब्याटिङ गर्दै चेन्नई सुपर किंग्स १९ ओभर र दुई बलमा १९० रनमा अलआउट भयो। चेन्नईको तर्फबाट साम करनले सर्वाधिक ४७ बलमा ८८ रन बनाए। पञ्जाब किंग्सले दुई बल बाँकी रहँदा जितको लक्ष्य पूरा गर्‍यो। पञ्जाब किंग्सले छ विकेटमा १९४ रन बनाए। कप्तान श्रेयस अय्यरले ४१ बलमा ७२ रनको योगदान दिए। उनी खेलको म्यान अफ द म्याच घोषित भए। आज राजस्थान रोयल्सले जयपुरको सवाई मानसिंह स्टेडियममा मुम्बई इन्डियन्सको सामना गर्नेछ। यो म्याच साँझ ७:३० बजेदेखि खेलिनेछ।